बैठक संख्या -३५

आज मिति २०७७/०२/०६ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूको अध्यक्षतामा बैठक तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवा बहादुर गुरुङ | वडा अध्यक्ष |
| लाल बहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर ~~बहादुर~~ थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

Scanned with CamScanner

**प्रस्तावहरु**

प्रस्ताव नं. १ प्रधानमन्त्री रोजगार कार्यक्रम संचाल गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २ आ.ब ०७७/०७८ को बजेट निर्माण पूर्व विषयगत समितिको बैठक सम्बन्धमा ।

प्रस्ताव नं. ३ मित्र राष्ट्र चिन सरकार तथा सिड्स रसुवाले उपलब्ध गराएको राहत सामग्रीको विवरण सम्बन्धमा ।

प्रस्ताव नं. ४ यस कार्यालयबाट खरीद/निर्माण कार्य गर्नको लागि प्रकाशित e-bid को सम्बन्धमा ।

प्रस्ताव नं. ५ दिर्घरोगी व्यक्तिहरुलाई नियमित आवश्यक पर्ने औषधि खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ६ खानेपानीको क्रसिङ खरिद गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत यस गाउँपालिकाको लागि १० लाख रकम विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन गर्ने सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

(क) स्थानीय निर्देशक समितिलाई पूर्णता दिने ।

(ख) वडा स्तरमा तयार गरेको बेरोजगार व्यक्तिहरुको सूचि सम्बन्धित वडाबाट गाउँपालिकामा यथासिघ्र पठाउने ।

(ग) यस पालिकाबाट रोजगार कार्यक्रमको योजना छनोट गरी केन्द्रमा पठाइएको र केन्द्रबाट प्राथमिकिकरण भई आएको योजना कार्यान्वयन गर्ने ।

(घं) योजना कार्यान्वयन गर्दा उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २** माथि छलफल गर्दा आर्थिक बर्ष २०७७/०७८ को बजेट निर्माणलाई प्रभावकारी बनाउन विषयगत समितिको बैठक यथाशिघ्र बस्ने साथै राजस्व परामर्श समितिले दिएको परामर्श बमोजिम आगामि बजेट तर्जुमा गर्ने साथै मिति २०७७/२/२५ गते भित्र सबै योजनाको प्राथमिकिकरण गरी छनोट गरि गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ३** यस गाउँपालिका भित्र बसोबास गर्ने विपन्न, असक्त, श्रमिक र भुकम्पबाट विस्थापित परिवारलाई राहत वितरण गर्ने सन्दर्भमा तपशिल बमोजिमको राहत सामग्रीहरु प्राप्त भएको छ ।

तपशिल

(क) मित्र राष्ट्र चिन सरकारबाट प्राप्त भएको खाद्य सामग्रीहरु

- चामल २१० बोरा (२५ के.जी) प्रतिवडा ४२ बोरा
- पिठो २२० बोरा (२५ के.जी) प्रतिवडा ४४ बोरा
- तेल ६५ बोतल (१० लिटर) प्रतिवडा १३ बोतल

(ख) सिड्स रसुवाले वितरण गर्ने खाद्या सामग्री प्रति परिवार तपशिलको खाद्य सामाग्री हुनेछ, जुन ६२५ परिवार वितरण गरिनेछ ।

(१) जिरा मसिनो चामल ६२५ बोरा ( २५ के.जी)

(२) मसुरो दाल २ के.जी

(३) स्वयविन तेल २ लिटर

विपद व्यवस्थापन समिति रसुवाबाट प्राप्त ८० बोरा चामल र माथि उल्लेखित चिन सरकारबाट प्राप्त भएको खाद्य सामग्रीहरु सबै वडाहरुमा सामानुपातिक रुपमा वितरण गर्ने र वडा स्तरबाट परीवारमा वितरण गर्ने साथै वडा नं. १ लाई राहत वितरणमा नपुग हुने रकम बढीमा रु. ५ लाख सम्ममा निकासा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस आ.ब ०७६/०७७ मा यस कार्यालयबाट सोलार जडान तथा निर्माण कार्य गर्नको लागि e-bid गरिएको र उक्त कार्यलाई अगाडि बढाउने सन्दर्भमा, कोभिड-१९ ( कोरोना भाइरस) को कारण देशमा बन्दाबन्दी रहेकोले यसबाट उच्चतम प्रतिस्पर्धा हुन नसक्ने अवस्थालाई मध्यनजर गरी सार्वजानिक खरिद अनुगमन कार्यालयबाट म्याद थप गर्न निर्देशन गरे बमोजिम सबै e-bid को म्याद थप गर्दै गएको वर्तमान अवस्थामा अब उक्त सूचना प्रकाशित e-bid को हकमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

(क) सोलार जडान गर्नको लागि e-bid बाट सूचना प्रकाशन गरिएकोमा उक्त कार्य गर्न ५ दिनेको म्याद दिई अन्तिम पटकको लागि म्याद थप गरि खरिद प्रक्रिाया अगाडि बढाउने ।

Scanned with CamScanner

(ख) सबै किसिमको निर्माण सेवा गर्न गर्नका लागि e-bid गरिएको मा यी सबै किसिमको निर्माण सेवाको e-bid लाई रद्द गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५** माथि छलफल गर्दा कोभिड-१९ (कोरोना भाइरस) को कारण देश बन्दाबन्दीको अवस्थामा रहेकोले एक स्थानबाट अर्को स्थानमा गई औषधि खरिद गरी ल्याउन सर्वसाधारणलाई कठिनाई हुने भएकोले दिर्घ रोगी व्यक्तिले नियमित रुपमा सेवन गर्दै आएको औषधिहरु र अन्य आवश्यक औषधीहरु र अन्य आवश्यक औषधिहरु खरिद गर्नको लागि टेण्डर प्रकृयाबाट औषधिहरु खरिद गरी बाँकी रहेको रकम मध्येबाट रु. ५ लाखको औषधि खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा वडा नं ४ स्थित छहरेखोला कर्मिडाडाँ खानेपानी आयोजना पहिरो आएर खानेपानीको क्रसिङ चुडाई खानेपानीको सप्लाई नै बन्द भएको हुँदा करिब ४ सय मिटर क्रसिङ तत्काल गाउँपालिकाबाट खरिद गरि सो को भुक्तानि पालिका विपद कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

Scanned with CamScanner